# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत

स्थापित : २०७३ गण्डकी प्रदेश, नेपाल

प.स.२०७५।०७६
च.नं. ८६२

मिति :२०७५।११।०१

**विषय : प्रस्तावना पत्र पेश गर्ने सम्बनधमा ।**

श्री यस गाउँपालिका अन्तरगतका सम्पूर्ण विद्यालयहरु ।

प्रस्तुत सन्दर्भमा यस आ. व. ०७५।७६ को लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको कार्यक्रम कार्यान्वयन पुस्तिका वमोजिम यस गा.पा. लाई निम्नानुसारका कार्यक्रमहरु उपलब्ध भएकोले सो कार्यक्रमको लागि तपशिलका कागजातहरु सलंग्न राखी मिति ०७५।११।१५ गते भित्र माग गर्नुहुन अनुरोध छ ।

**१) उत्कृष्ट सिकाई उपलव्धी भएका विद्यालयलाई सिकाई सुदृढिकरण तथा विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान ( Performance based Grants) ।**

प्रति विद्यालय रु ५०,०००।- ८ ओटा विद्यालयलाई उपलव्ध गराइनेछ ।
संलग्न प्रस्ताव विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ मा उल्लेखित कार्यसम्पादन मुल्याकंन सुचकका आधारमा प्रस्तावना तयार पार्ने । यसको लागि मानव स्रोत विकास केन्द्रको website www.doe.gov.np मा छ ।

**२) माध्यामिक विद्यालयमा पुस्कालय स्थापना तथा व्यवस्थापन ( फिक्सीड , किताव खरिद तथा ई पुस्तकालय समेत ) अनुदान १ ओटा विद्यालयका लागि रु ६,५०,०००। को वजेट व्यवस्था छ ।**

यसका लागि निम्नानुसारका कागजात संलग्न हुनुपर्ने छ ।
१. लाइब्रेरी व्यवस्थापना अनुदान हालसम्म नपाएका विद्यालयहरु ।
२ . विद्यार्थी संख्या अधिक विद्यालयहरु ।
३. लाइब्रेरी व्यवस्थाका लागि आवस्यक कक्षाकोठा प्रयाप्त भएका विद्यालयहरु ।
४ लाइब्रेरी शिक्षक ( लाइबेरीयन ) को स्वयं विद्यालयल गर्नु पर्ने ।

**३. शिक्षण सिकाईमा ICT को प्रयोग ( कम्प्युटर, इन्टरनेट, कनेक्टिभिटी इक्युप्मेन्ट तथा Kits खरिद) का लागि अनुदान**

यसका लागि रु ६,५०,०००।- को दरले एकवटा माध्यामिक विद्यालयलाई
यसका लागि आवस्यक मापदण्डहरु
क. विद्यालयमा internet को पहुंच र विद्युतको नियमित आपुर्ती हुने सुनिस्चित गरेको कागजात ।
ख. माध्यामिक तहमा Math, Science र English पढाइरहेका शिक्षकहरुले ICT का माध्याम बाट शिक्षण गर्नसक्ने क्षमता र तत्परता खुल्ने विवरण संलग्न हुनुपर्ने ।

**४ . माध्यामिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान**

यसका लागि रु ६,५००००।- को बजेट व्यवस्था छ । यसका लागि कोटा १ वटा छ ।
प्रस्तावना पत्रमा संलग्न हुनुपर्ने कागजात
क. विगतमा यस प्रकृतीको अनुदान प्राप्त नभएको माध्यामिक विद्यालयरु ।
ख. माध्यामिक तहमा विज्ञान विषय पढाइ भएका विद्यालयहरु
ग. माधयामिक विद्यालयमा यो कार्यक्रम खपत नभएमा आधारभुत तह १-८ सञ्चालन भएकालाई गराउन सकिने र यस शिर्षकको रकम मानव विकास केन्द्रले तोकेको मापदण्डका आधारमा वितरण गरिनेछ ।

**५. पानी तथा स्वास्थ्य र सरसफाई सुविधा सहितको शौचालय निर्माण प्रति विद्यालय रु ७,००,०००।- को दरले २ वटा विद्यालयलाई ।**

संलग्न राख्नुपर्ने कागजात

क. छात्र छात्राको लगि छुट्टा छुट्टै शौचालय नभएका विद्यालयहरु वा प्रवेश द्वार विपरीत दिशाबाट नभएका विद्यालयहरु ।

ख .प्रशस्त पानीको व्यवस्था भएको विद्यलय ।

ग. शौचालयको Drawing design शिक्षा मानव तथा स्रोत विकास केन्द्र वाट स्विकृत Norms अनुसारको हुनुपर्नेछ ।

**६ गणित, विज्ञान र अग्रेंजी विषयका लागि कृयाकलापमा आधारित सामाग्री Kits अनुदान रु ५०,०००।- को बजेट १ वटा विद्यालयलाई**

क. १ ८ सञ्चालन भएका विद्यालय हुनुपर्ने ।

ख. पाठयकम विकास केन्द्र वाट विकास एवं स्विकृत भएका गणित, विज्ञान, र अग्रेंजी विषयका सामाग्री व्यवस्था गरि विद्यार्थीको शिक्षण सिकाई कियाकलापमा सहजीकरण गर्ने व्यवस्था मिलाउने कूराको सुनिस्चिततको पत्र ।

**७ २ कोठे नयां कक्षाकोठा सहितको फर्निचर निर्माण बजेट रु ३२,००,०००।- कक्षाकोठा संख्या ४**

१. विद्यार्थीको चाप वढी भै कक्षा कोठा नपुग भएको विद्यालय

२. विद्यालयको भौतिक अवस्था जिर्ण भएको

३. यस भन्दा अगाडि कुनै निकाय बाट पनि भौतिक निर्माणको लागि वजेट नपाएका विद्यालयहरु ।

४.कक्षा कोठा अभाव भएको कुरा सम्वन्धीत वडा कार्यालयवाट सिफारिस गरेको पत्र समेत हुनुपर्नेछ ।

२०८२।१।०१

जित बहादुर राना

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत